सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २८५ ♦ २०८३ साल असार १६ मंगलवार ♦ 30 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# ‘स्वतन्त्र, निष्पक्ष तथा मर्यादित पत्रकारिता आजको आवश्यकता’

**खबर दर्पण समाचारदाता**

**असार १५ गते, महेन्द्रनगर**

मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले स्वतन्त्र, निष्पक्ष, जिम्मेवार तथा व्यावसायिक पत्रकारिताले लोकतन्त्र बलियो हुने बताउनुभएको छ ।

सञ्चार रुमन्त्रालयको आयोजनामा मधेश प्रदेशका गोर खापत्र दैनिकका समाचार दाताहरूको लागि धनुषाको मिथिला विहारी नगरपालिकामा आयोजना गरिएको दुई दिने प्रशिक्षण कार्यक्रममा मन्त्री महतोले स्वतन्त्र पत्रकारिताले लोकतन्त्र बलियो हुने भएकाले प्रदेश सरकारले नेपालको पत्रकारि ता क्षेत्रमा लामो इतिहास बोकेका गोरखापत्रका पत्रकारहरूका लागि प्रशिक्षणको आयोजना गरेको बताउनुभयो ।

उहाँले समाजमा अहिले बढेका विकृति तथा विसङ्गतिको अन्त्य गरि शान्ति, सद्भाव, सहअस्तित्व र विकासको वातावरण निर्माणमा सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

गोरखापत्र दैनिकका प्रधान सम्पादक जुनारबाबु बस्नेतले गोरखापत्र दैनिकले नेपालको पत्रकारिता क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरेको बताउँदै गोरखापत्रले सरकार र जनता बीचको पुलको रुपमा समाचार सम्प्रेषण गर्दै आएको बताउनुभयो ।

मधेश प्रदेशका आम सञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्काले नेपालको पत्रकारितामा गोरखापत्र दैनिकको ठूलो योगदान भएको बताउँदै अहिले पनि यो पत्रिकाको समाचार आधिकारी तथा सन्तुलित हुने गरेको बताउनुभयो ।

गोरखापत्र दैनिकमा कार्यरत मधेश प्रदेशका दुई दर्जन समाचारदाताहरू सहभागी दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटनमा द राइजिङ्ग नेपालका प्रधान सम्पादक रमेश लम्साल, गोरखापत्रका कार्यकारी सम्पादक कुमार विवेकानन्द मिश्र, गोरखापत्र अनलाइनका सम्पादक लक्की चौधरी, मिडिया काउन्सिलका कार्यालय प्रमुख ओम विक्रम कटुवाल र गोर खापत्र मधेश प्रदेशका संयोजक धर्वेन्द्र झाले धारणा राख्नुभएको थियो ।




# मधेशका विभिन्न स्थानमा धान रोपाई महोत्सव सम्पन्न



**खबर दर्पण समाचारदाता**

**असार १५ गते, बर्दिवास**

राष्ट्रिय धान दिवसको अवसर मा जनकपुरधामको वडा नं १४ मुजेलीयामा रहेको आफ्नै बटैया अर्थात् अधियाको खेतमा उपसभामुख रुवी कुमारी ठाकुर

*बाँकी पृष्ठ ३ मा*

# जलेश्वर-जनकपुर सडकखण्डको निर्माणाधीन पुलका कारण सवारी आवागमन प्रभावित

**खबर दर्पण समाचारदाता**

**असार १५ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर-जनकपुर सडकखण्डअन्तर्गत पर्सा र पिपराबिच निर्माणाधीन कुटमेश्वरी पुलका कारण सवारी आवागमनमा कठिनाइ भएको छ।



महोत्तरी गाउँपालिका-१, पर्सास्थित बिगही खोलामाथि निर्माणाधीन कुटमेश्वरी पुलमा सामान्य वर्षा हुँदा पनि डाइभर्सन भासिने र बग्ने गरेकाले घण्टौंसम्म सवारी आवागमन अवरुद्ध हुने गरेको छ। माटो र बालुवाबाट बनाइएको डाइभर्सन सामान्य वर्षामै बग्ने तथा पुलसँग जोडिएको माटोको सडकमा ठुला सवारी साधन गुड्दा बाटो भासिने समस्याका कारण यात्रुले सास्ती खेप्नुपरेको स्थानीयवासी बताउँछन्।


जलेश्वरस्थित प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक डा. रोशनकुमार साहले आफू दैनिक जनकपुरबाट निजी सवारी मार्फत ओहोरदोहोर गर्ने गरेको बताउँदै सामान्य वर्षा भए पनि घण्टौंसम्म जाम हुने समस्या रहेको बताउनुभयो।

*बाँकी पृष्ठ ३ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जलवायुमैत्री खेतीमार्फत धानमा आत्मनिर्भर बन्नुपर्नेमा जोड





**खबर दर्पण समाचारदाता**

**असार १५ गते, बर्दिवास**

'जलवायु मैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नाराका साथ महोत्तरीको गौशाला नगरपालिकास्थित र ाष्ट्रिय माध्यमिक विद्यालय, कान्तिबजारले २३औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८३ भव्य रूपमा मनाएको छ ।

कार्यक्रममा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव प्रमुख अतिथिका रूपमा सहभागी हुँदै जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखिएका चुनौतीको सामना गर्न आधुनिक प्रविधि र वैज्ञानिक खेती प्रणाली अपनाउनुपर्नेमा जोड दिए ।

उनले परम्परागत खेती प्रणालीलाई समयअनुसार सुधार गर्दै उत्पादनमुखी कृषि अभ्यासमा किसानलाई प्रेरित गर्न आवश्यक रहेको बताए ।

'धान उत्पादन वृद्धि, खाद्य सुरक्षाको सुनिश्चितता र किसानको आयस्तर उकास्न स्थानीय सरकार, कृषि निकाय र किसानबीच प्रभावकारी समन्वय आवश्यक छ,' उनले भने ।

उनले युवालाई पनि कृषि क्षेत्रमा आकर्षित गर्न आधुनिक प्रविधि, यान्त्रीकरण र व्यावसायिक खेतीलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र महोत्तरीका प्रतिनिधिले जलवायु परिवर्तनले धान उत्पादनमा प्रत्यक्ष असर पारिरहेको उल्लेख गर्दै कम पानीमा उत्पादन दिन सक्ने उन्नत जात, सन्तुलित मल व्यवस्थापन तथा जलवायुमैत्री कृषि प्रविधिको प्रयोग विस्तार गर्नुपर्ने बताए ।

किसानलाई समयमै प्राविधिक सेवा र गुणस्तरीय बीउ उपलब्ध गराउन सम्बन्धित निकाय प्रतिबद्ध रहेको उनले जानकारी दिए ।

गौशाला नगरपालिकाका प्रतिनिधिले कृषि नै स्थानीय अर्थतन्त्रको आधार भएकाले किसानमैत्री कार्यक्रम, सिँचाइ पूर्वाधार विकास, कृषि यान्त्रीकरण तथा उत्पादन वृद्धि गर्ने योजनालाई नगरपालिकाले प्राथमिकतामा राखेको बताए । धान उत्पादनमा आत्मनिर्भर बन्न सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

विद्यालय व्यवस्थापन तथा आयोजक पक्षले विद्यालयस्तर बाट कृषि शिक्षा, वातावरण संरक्षण र श्रमको सम्मानको सन्देश प्रवाह गर्ने उद्देश्यले धान दिवस मनाइएको जनाएको छ ।

विद्यार्थीलाई कृषि पेशाप्रति सकारात्मक सोच विकास गराउन यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरिएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी यादवसहित विभिन्न कृषि निकायका प्रतिनिधि, शिक्षक, विद्यार्थी, स्थानीय जनप्रतिनिधि, किसान तथा स्थानीयवासीले संयुक्त रूपमा खेतमा धान रोपेर राष्ट्रिय धान दिवस मनाएका थिए ।

वक्ताहरूले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्दै आधुनिक प्रविधिमा आधारित खेती प्रणाली विस्तार गर्न सके धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्नुका साथै मुलुकको समृद्धिमा समेत महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

## महोत्तरी भूमि समस्या समाधान समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न

**खबर दर्पण समाचारदाता**

**असार १५ गते, बर्दिवास**

महोत्तरी जिल्लामा भूमिसम्बन्धी समस्या समाधानको प्रक्रिया प्रभावकारी बनाउने तथा मनसुनजन्य विपद्को जोखिम न्यूनीकरणका लागि सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्ने उद्देश्यले सोमबार जिल्ला भूमि समस्या समाधान समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ ।

बैठकमा जिल्ला भूमि आयोगको हालसम्मको कामकारबाही, बाँकी रहेका चुनौती तथा आगामी कार्ययोजनाबारे विस्तृत छलफल गरिएको थियो ।

त्यस्तै, वर्षायाम सुरु भएसँगै बाढी, डुबान र अन्य प्राकृतिक विपद्को सम्भावित जोखिमलाई ध्यानमा राख्दै पूर्वतयारी, उद्धार, राहत तथा विभिन्न निकायबीचको समन्वयका विषयमा पनि समीक्षा गरिएको थियो ।

बैठकलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकको समस्या समाधान सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै सम्बन्धित सबै निकायले जिम्मेवारीका साथ समन्वय गरेर काम गर्नुपर्ने बताए ।

उनले भूमिसम्बन्धी समस्या समाधानमा तथ्यपरक विवरण, पारदर्शी प्रक्रिया र जनविश्वास कायम राख्दै काम अघि बढाउनुपर्नेमा जोड दिए । साथै कुनै पनि नागरिक अन्यायमा नपर्ने गरी कानुनी प्रक्रिया अवलम्बन गर्नुपर्ने उनको भनाइ थियो ।

प्रमुख जिल्ला अधिकारी यादवले मनसुन सक्रिय भइसकेकाले विपद्को सम्भावित जोखिमलाई समयमै पहिचान गरी पूर्वतयारीलाई प्रभावकारी बनाउन निर्देशन दिँदै स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा सरोकारवाला सबै निकायबीच निरन्तर समन्वय आवश्यक रहेको बताए ।

बैठकमा सहभागीहरूले भूमि व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानका लागि निकायहरूबीच सहकार्य बढाउनुपर्ने तथा विपद् व्यवस्थापनमा पूर्वसूचना प्रणाली, राहत सामग्रीको तयारी र उद्धार संयन्त्रलाई चुस्त बनाउनुपर्ने सुझाव दिएका थिए ।

बैठकमा जिल्ला समन्वय समिति, स्थानीय तह, सुरक्षा निकाय, सम्बन्धित सरकारी कार्यालय तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# देशभर ६२.६८ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा

खबर दर्पण समाचारदाता

**असार १५ गते, बर्दिवास**

देशभर पर्याप्त वर्षा नहुँदा किसानले रोपाइँका बेला सिँचाइ अभावको समस्या भोलिरहेका बेला नेपालमा सिँचाइ विस्तार को लक्ष्य पनि अझै पूरा हुन सकेको छैन।

खेतीयोग्य जमिनको ठूलो हिस्सा अझै आकाशे पानीमै निर्भर रहँदा कृषकहरू उत्पादन जोखिमसँग जुध्न बाध्यभएका छन्।

सिँचाइ तथा जलस्रोत विभागका अनुसार हालसम्म देशको आवश्यक सिँचाइ क्षेत्रमध्ये ६२.६८ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा विस्तार गरिएको छ।

विभागको तथ्याङ्कअनुसार नेपालमा कूल ३५ लाख ५७ हजार ७६४ हेक्टर खेतीयोग्य जमिन रहेको छ। तीमध्ये २५ लाख ३६ हजार ३१९ हेक्टर जमिनमा नियमित सिँचाइ आवश्यक पर्ने भए पनि हालसम्म १५ लाख ९० हजार ३८८ हेक्टर क्षेत्रमा मात्रै सिँचाइ सुविधा पुगेको छ।

यसवर्ष समयमै पर्याप्त वर्षा नहुँदा धेरै जिल्लाका किसानले रोपाइँका लागि पानीको अभाव भोलिरहेका छन्। कतिपय स्थानमा रोपाइँका लागि राखिएको धानको बीउ नै सुक्न थालेको छ भने धेरै किसान आकाशे पानीको प्रतीक्षामा छन्। यस्तो अवस्थाले धान उत्पादनमा असर पर्ने चिन्ता बढेको छ।

सिँचाइ तथा जलस्रोत विभागका सूचना अधिकारी रामप्रसाद पौडेलका अनुसार गत आव २०८१/८२ मा विभागले १६ हजार ३०८ हेक्टर जमिनमा थप सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्यसहित विभिन्न आयोजना सञ्चालन गरेको थियो।



यस्तै चालु आर्थिक वर्ष २०८२/८३ मा छ हजार ७५० हेक्टर क्षेत्रमा नयाँ सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखिएको छ। तर चालु आवको चैत मसान्तसम्म केवल चार हजार ४८ हेक्टर जमिनमा मात्र सिँचाइ सुविधा विस्तार गर्न सफल भएको विभागले जनाएको छ। चालु आवमा निर्धारित लक्ष्यमा कमी आउनुको कारण आन्दोलन र आयोजना कटौती रहेको छ।

कृषि उत्पादन वृद्धि, खाद्य सुरक्षा र जलवायु परिवर्तनबाट उत्पन्न चुनौती सामना गर्न दीर्घकालीन तथा भरपर्दो सिँचाइ पूर्वाधारको विकास आवश्यक रहेको सिँचाइ तथा जलस्रोत विभागको भनाइ छ।

सरकारले सिँचाइ विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न आयोजना अघि बढाइरहे पनि लक्ष्यअनुसार काम सम्पन्न हुन नसक्दा किसान अझै वर्षाको भर पर्नुपर्ने अवस्था कायम रहेको छ।

विशेषगरी धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने सरकारी लक्ष्य सफल बनाउन समयमै सिँचाइ पूर्वाधार विस्तार र प्रभावकारी कार्यान्वयन अपरिहार्य देखिएको छ।

## जलेश्वर-जनकपुर सडकखण्डको .....

सोमबार वर्षापछि बाटोमा बस भासिँदा आफूले वैकल्पिक मार्ग प्रयोग गरेर अस्पताल पुग्नुपरेको उहाँले गुनासो गर्नुभयो। पुलको डाइभर्सन बन्द भएपछि करिब १० किलोमिटर लामो वैकल्पिक मार्ग प्रयोग गर्नुपरेको उहाँको भनाइ छ।

भारतीय सीमावर्ती क्षेत्र भिठामोडदेखि जनकपुरसम्म जोड्ने मुख्य सडकका रूपमा रहेको यस सडकखण्डमा पुल निर्माण समयमै सम्पन्न नहुँदा हरेक वर्षायाममा सवारी आवागमन प्रभावित हुने गरेको छ।

२०७९ फागुन २ गते रामजानकी निर्माण सेवा, जनकपुरधामले करिब २० करोड रुपियाँ लागतमा कुटमेश्वरी पुल निर्माणको ठेक्का पाएको थियो। ४० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल निर्माण गर्ने सम्झौता भए पनि तोकिएको समयमै काम सम्पन्न हुन नसकेपछि पटक-पटक म्याद थपिँदै आएको छ।

पहिलो सम्झौता अवधि सकिएपछि निर्माण कम्पनीलाई २०८३ साउन ११ गतेसम्मका लागि पुनः म्याद थप गरिएको थियो। तर दोस्रो पटक थपिएको म्याद सकिन केही दिन मात्र बाँकी रहँदासमेत पुल निर्माणको प्रगति ५० प्रतिशतभन्दा कम रहेको देखिएको छ।

स्थानीय युवा पङ्ज पासवानले गर्मीयाममा धुलो र वर्षायाममा सामान्य वर्षा हुँदा पनि सडक अवरुद्ध हुनु यस पुलको 'विशेषता' जस्तै बनेको भन्दै व्यङ्ग्य गर्नुभयो। उहाँले पिपरा गाउँपालिका, महोत्तरी गाउँपालिका, मटिहानी नगर पालिका र जलेश्वर नगर पालिकाका प्रमुखहरूले समन्वय गरेर समस्या समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "वर्षायाम सुरु भइसकेको छ। सामान्य वर्षा हुँदा नै सवारी साधनलाई वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने अवस्था छ। पानी धेरै परे यो सडक पूर्ण रूपमा अवरुद्ध हुन्छ। चार वर्ष हुन लाग्दासमेत पुल निर्माण सम्पन्न भएको छैन, डाइभर्सन पनि सामान्य पानीको बहावले बगाइदिन्छ।"

## मधेशका विभिन्न स्थानमा धान.............

पनि किसानहरूसँग रोपाइँमा सहभागी हुनुभयो ।

त्यस अवसरमा उहाँले खाद्य सुरक्षा तथा खाद्य उत्पादनमा किसानको ठूलो भूमिका भए पनि समयमा रासायनिक मल, उन्नत बीउ, पर्याप्त सिँचाइ, उचित बजार एवं मूल्य नपाउनु चिन्ताको विषय भएको बताउनुभयो। उहाँले कृषि क्षेत्रको आधुनिकीकरण तथा किसानहरूको जीवन स्तर माथि उकास्ने गरि कार्यक्रम तथा नीति निर्माणका लागि आफूले निरन्तर रुपमा आवाज उठाइर हने पनि बताउनुभयो ।

यसैगरि धनुषाको राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथ बनिनियमा २३ औं राष्ट्रिय धान दिवस तथा रोपाइ महोत्सव मनाइएको छ । त्यहाँ धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेल तथा सुरक्षा निकायका प्रमुखहरू सहभागी हुनुहुन्थ्यो ।

जनकपुरधाम उपमहानगर पालिकाले पनि राष्ट्रिय धान दिवस मनाएको छ । जनकपुर धाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहको अगुवाइमा जनकपुरधाममा धान रोपाइ गरिएको थियो ।

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

गौशाला नगरपालिका, महोत्तरी

# राज्य किसानप्रति अनुदार बन्दै गएको छ : महामन्त्री पौडेल

शर्मिला घिमिरे

**असार १५ गते, बर्दिवास**

नेपाली कांग्रेसका महामन्त्री प्रदिप पौडेलले वर्तमान सरकार सुकुम्बासी र किसानका समस्याप्रति अत्यन्तै अनुदार देखिएको आरोप लगाएका छन्। नेपाल किसान महासंघ केन्द्रीय समितिले रौतहटको कटरियामा आयोजना गरेको २३ औँ राष्ट्रिय धान दिवसको अवसर मा सम्बोधन गर्दै उनले सरकारले किसानका समस्या समाधान गर्न बजेटमा कुनै विषय नल्याएको भन्दै गम्भीर असन्तुष्टि व्यक्त गरे। सरकार विपन्न र किसानको सहयोगी हुनुपर्नेमा बाधक बनेको देखिन्छ। कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै कांग्रेस महामन्त्री पौडेलले तराईलाई कृषिको उर्वर भूमिका रूपमा चित्रण गर्दै भने, "यहाँका किसानहरूले अथक मेहनत गरेर देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेका छन्। तर विडम्बना ! समयमा मल र उपयुक्त बीउबिजनको अभाव हुँदा किसानले आफ्नो क्षमता र माटोको गुणस्तरअनुसार उत्पादन गर्न सकेका छैनन्।" उनले किसानका वास्तविक समस्याप्रति वर्तमान सरकार अनुदार र संवेदनहीन रहेको भन्दै आलोचना समेत गरे। अब जलवायु परिवर्तनको असर किसानहरूलाई पनि पर्ने देखिन्छ। राज्यले कृषकका समस्यालाई प्राथमिकतामा नराख्दा समग्र कृषि क्षेत्र नै धराशायी बन्दै गएको उनको भनाइ थियो।

सोही क्रममा नेता पौडेलले आफ्नो पार्टीको विगतको भूमिकालाई लिएर मञ्चबाटै आत्मसमीक्षा समेत गरे। हिजो नेपाली कांग्रेस सरकारको नेतृत्वमा रहँदा किसानको पक्षमा थुप्रै कामहरू भएको दाबी गर्दै उनले आफ्ना कमी-कमजोरी भने स्वीकार गरे।

"हिजो नेतृत्वमा रहँदा किसानका लागि काम नै नभएको होइन तर अपेक्षित रूपमा किसानका सम्पूर्ण समस्या हल हुने गरी जसरी तीव्र गतिमा काम हुनुपर्ने थियो, त्यो हुन सकेन," पौडेलले भने, "त्यसका लागि म आम किसान दाजुभाइ तथा दिदीबहिनीहरूसँग क्षमा चाहन्छु।" मधेशका मुद्दाका सवालमा जति आक्रामक हुनुपर्ने हो, त्यति हुन नसकेकोमा माफी माग्दै उनले आगामी दिनमा सुधार्ने वाचा गरे।

कृषिको आधुनिकीकरण र किसानको जीवनस्तर उकास्न अब परम्परागत शैलीले मात्र नपुग्ने भन्दै उनले त्यसका लागि आफ्नो पार्टीले आगामी दिनमा ठोस कदम चाल्ने प्रतिबद्धता समेत व्यक्त गरे।

२३औँ राष्ट्रिय धान दिवसको अवसर पारेर आयोजना गरिएको उक्त कार्यक्रममा कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव ,मधेस प्रदेशका स्वास्थ्यमन्त्री नागेन्द्र साह , मधेस प्रदेशका कृषिमन्त्री श्याम पटेल, केन्द्रीय सदस्य प्रतिमा गौतम ,केन्द्रीय सदस्य अन्जु झा, केन्द्रीय सदस्य प्रमोद हरी गुरागाई लगायत स्थानीय किसान, कांग्रेसका कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।




**Save the Children**

## Auction Notice

Save the Children intends to sell various office equipment, and furniture on "as is where is" basis. Interested parties are invited to submit their sealed bid proposal.

Sealed Bid Form will be available to the interested bidders upon payment of non-refundable Rs. 100/- (One Hundred Only) from 30th June to 3rd July 2026 between 10:00 AM to 5:00 PM.

**Auction schedule:**

| | |
|---|---|
| Date of Goods Display: | from 30th June to 3rd July 2026, 10:00 AM to 5:00 PM |
| Date of Bid Form Submission: | from 30th June to 3rd July 2026, before 3:00 PM |
| Date of Bid Opening: | 6th July 2026 at 3:30 PM |

Bid Form and additional information will be available at the following address.

**Supply Chain Department**
**Save the Children, Bardibas Field Office**
**Bardibas, Mahottari**
Phone: +977 044-550721/ 550722



## सन्तुलित जनसंख्याः विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,